२०८२ सालको कार्यविधि नं. २

# हेटौंडा राजपत्र

हेटौंडा उपमहानगरपालिकाद्वारा प्रकाशित

खण्डः ९ | संख्याः २ | मितिः२०८२।०२।२३

## भाग- ३

**हेटौंडा उपमहानगरपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

## हेटौंडा उपमहानगरपालिका मेला, महोत्सव, प्रदर्शनी सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२

**प्रस्तावना**

हेटौंडा उपमहानगरपालिका भित्र विभिन्न उद्देश्यका साथ सञ्चालन हुने व्यापारिक, सांस्कृतिक (कन्सर्ट), पर्यटकीय, औद्योगिक तथा उद्यम, खेलकुद, शैक्षिक, कृषि आदि प्रर्वद्धनका लागि गरिने विभिन्न मेला महोत्सव तथा प्रदर्शनीलाई व्यवस्थित गराउँदै मेला, महोत्सव र प्रदर्शनीले वोकेका उद्देश्यलाई मूर्तरुप दिने कार्यमा सहयोग पुऱ्याई दर्शक तथा स्रोतामैत्री ढंगवाट मेला, महोत्सव, प्रदर्शली सञ्चालन, व्यवस्थापन तथा नियमन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा ७ को अधिनमा रही दफा १०२ ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाको बैठकबाट यो कार्यविधि स्वीकृत गरि लागु गरिएको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम “हेटौंडा उपमहानगरपालिका मेला, महोत्सव, प्रदर्शनी सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२ रहेको छ ।

२) यो कार्यविधि नगर कार्यपालिकाको वैठकबाट स्वीकृत भए पश्चात तुरुन्त लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) ‘‘मेला, महोत्सव, प्रदर्शनी’’ भन्नाले हेटौंडा उपमहानगरपालिका भित्रका कुनै पनि सार्वजनिक स्थलमा दुई दिन भन्दा वढी अवधि सम्म गरिने व्यापारिक, धार्मिक, सांस्कृतिक, साहित्यीक, पर्यटकीय, औद्योगिक तथा उद्यम, शैक्षिक, कृषि आदी प्रर्वद्धनका लागि गरिने विभिन्न मेला महोत्सव र प्रदर्शलाई सम्झनुपर्छ ।

(ख) ‘‘मूल आयोजक’’ भन्नाले मेला, महोत्सव, प्रदर्शनी सञ्चालन गर्न उपमहानगरपालिकावाट अनुमति प्राप्त संस्था र कार्यालयलाई सम्झनुपर्छ ।

(ग) ‘‘उपमहानगरपालिका’’ भन्नाले हेटौंडा उपमहानगरपालिकालाई सम्झनुपर्छ ।

(घ) ‘‘विषयगत संस्था वा कार्यालय’’ भन्नाले विषयगत क्षेत्रमा काम गर्ने उद्देश्य बोकेको संस्था वा कार्यालयलाई सम्झनुपर्छ ।

(ङ) ‘‘समिति’’ भन्नाले मेला, महोत्सव, प्रदर्शनी व्यवस्थापन समितिलाई सम्झनुपर्छ ।

(च) “प्रमुख” भन्नाले हेटौंडा उपमहानगरपालिकाको नगर प्रमुखलाई सम्झनुपर्छ ।

(छ) “उपप्रमुख” भन्नाले हेटौंडा उपमहानगरपालिकाको नगर उपप्रमुखलाई सम्झनुपर्छ ।

(ज) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले हेटौंडा उपमहानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

**३. उद्देश्यः** यस कार्यविधिको उद्देश्य देहायबमोजिम रहेको छः

(क) उपमहानगरपालिका भित्र सञ्चालन हुने मेला, महोत्सव, प्रदर्शनी सञ्चालन गर्न सम्वन्धित संस्था वा कार्यालयलाई अनुमति प्रदान गर्ने ।

(ख) मेला महोत्सवको उद्देश्य पुरा गराउन आवश्यक सहजीकरण गर्ने ।

(ग) मेला, महोत्सव, प्रदर्शनीलाई व्यवस्थित गर्ने ।

(घ) उपमहानगरपालिकाको व्यापारिक, सांस्कृतिक (कन्सर्ट), एक्स्पो, साहित्यिक, पर्यटकीय, औद्योगिक तथा उद्यम, खेलकुद, शैक्षिक, कृषि आदी प्रर्वद्धनमा सहयोग पुर्‍याउने ।

## परिच्छेद-२

## मेला, महोत्सव, प्रदर्शनी सञ्चालन अनुमति प्रदान गर्ने विधि

**४. मेला, महोत्सव, प्रदर्शनी सञ्चालन गर्न उपमहानगरपालिकाको अनुमति लिनुपर्नेः** (१) प्रत्येक आर्थिक वर्षमा उपमहानगरपालिका भित्र मेला महोत्सव प्रदर्शनी लगाउन चाहने संस्था वा कार्यालयले उपमहानगरपालिकामा भाद्र मसान्त भित्र अनुसूची-१ मा उल्लेख भए अनुसारका विवरण खुलाईएको प्रस्ताव सहित प्रस्तावक संस्थाका निम्न कागजात सहित आवेदन पेश गर्नु पर्नेछः

**निम्न**

(क) संस्था दर्ता प्रमाण पत्र र नविकरण सहित ।

(ख) संस्थाको विधानको प्रतिलिपि ।

(ग) लेखापरिक्षण प्रतिवेदन र कर चुक्ता प्रमाणपत्र ।

(घ) मेला महोत्सव प्रदर्शनी सञ्चालन हुने स्थानको स्वामित्व प्राप्त संस्था/निकायको सहमति ।

(२) प्रस्तावक संस्थाहरुवाट पेश भएका प्रस्तावहरुलाई दफा ७ वमोजिमको मेला व्यवस्थापन समितिद्वारा गठित मूल्याङ्कन समितिले अनुसूची-२ बमोजिमको मापदण्डका आधारमा मूल्याङ्कन गरि मेला व्यवस्थापन समिति समक्ष पेश गर्ने छ । मूल्यांकन समितिको सिफारिशका आधारमा व्यवस्थापन समितिले कम्तीमा ३ आर्थिक वर्षसम्म एउटा संस्था मूल आयोजकमा

नदोहोरीने गरि तोके वमोजिमको शर्त राखी मेला महोत्सव संचालन अनुमति अनुसूची-३ को ढाँचामा उपमहानगरपालिकाले दिनेछ ।

(३) प्रत्येक आर्थिक वर्षमा एक क्षेत्रगत विषयमा वढीमा १ वटा भन्दा वढी मेला महोत्सव संचालन गर्न उपमहानगरपालिकाले अनुमति दिने छैन । तर नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारका वार्षिक कार्यक्रम अनुसार गरिने सरकारी निकाय मूल आयोजक हुनेमा यो दफा लागु हुने छैन ।

(४) कार्तिक मसान्त भन्दा अगाडी मेला, महोत्सव, प्रदर्शनी गर्न अनुमति प्रदान गरिने छैन । मेला महोत्सव सञ्चालनका लागि प्रस्तावित दिन भन्दा कम्तिमा ३५ दिन अगावै उपमहानगरपालिकामा प्रस्ताव पेश गर्नु पर्नेछ ।

(५) चालु आर्थिक वर्षमा समेत यो निर्देशिका लागू भएपछि १५ दिनको समय दिई एक पटकका लागि प्रस्ताव पेश गर्ने अवसर दिइनेछ । प्राप्त भएका प्रस्तावहरुको अध्ययन गरि वढीमा १ वटा मेला महोत्सव संचालन गर्न उपमहानगरपालिकाले अनुमति दिन सक्नेछ । उपमहानगरपालिकाबाट चालु आर्थिक वर्षमा मेला संचालन गर्न अनुमति लिइ सकेका संस्थाले समेत यसै प्रकृयामा आउनु पर्नेछ ।

(६) मेला महोत्सव संचालन गर्ने स्थान मूल आयोजकले प्रस्ताव गर्न सक्नेछ पेश भएको स्थानका वारेमा उपमहानगरपालिकाले संभाव्यता अध्ययन गरि मेला महोत्सव व्यवस्थापन समितिले तोके वमोजिम हुनेछ ।

(७) २ दिन भन्दा कम अवधिको हकमा तोकिए बमोजिमको शर्त राखी व्यवस्थापन समितिको निर्णयमा उपमहानगरपालिकाले अनुमति दिनेछ ।

(८) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि एक आर्थिक वर्षमा एक मात्र व्यापार मेला लगाउन अनुमति प्रदान गरिने छ ।

५. **मूल आयोजकले धरौटी राख्नु पर्नेः** मेला महोत्सवको उद्देश्य कोष वृद्धि वा आय आर्जन समेत भएमा प्रस्तावमा उल्लेखित अपेक्षित रकमको कम्तीमा ५ प्रतिशत रकम उपमहानगरपालिकामा अनुमति पूर्व धरौटी राख्नु पर्नेछ । अपेक्षित रकम एकिन नभएमा न्यूनतम रु.५०,०००। (पचास हजार मात्र) मा नघट्ने गरि मेला महोत्सव व्यवस्थापन समितिले तोके वमोजिमको धरौटी राख्नु पर्नेछ । सो धरौटी रकम मेला महोत्सवको समाप्ती संगै उद्देश्य अनुसारको कार्य पूरा भए पछि उपमहानगरपालिकाले धरौटी फिर्ता दिनेछ । मेला महोत्सव संचालन अनुमति प्रदान गर्दा उपमहानगरपालिकाले तोकेका मेला महोत्सव व्यवस्थापनका शर्तहरु पालना नगरेमा धरौटी रकम उपमहानगरपालिकाले जफत गर्न सक्नेछ । लक्ष्य अनुसारको आर्थिक संकलन गरी उद्देश्य अनुसारका काम गर्ने मूल आयोजकलाई उपमहानगरपालिकाले थप प्रोत्साहन एवं सहकार्य वापत रकम उपलब्ध समेत गराउन सक्नेछ ।

६. **व्यवसायकर तथा मनोरञ्जन करः** मेला महोत्सवमा रहने व्यवसायिक स्टलहरुले व्यवसायको किसिम वमोजिम अनुसूची-४ मा उल्लेख भए अनुसारको मेला अवधि भरको व्यवसाय कर स्टल बुकिङ्ग संगै मूल आयोजक मार्फत उपमहानगरपालिकालाई वुझाउनु पर्नेछ भने मनोरञ्जन करका हकमा बागमती प्रदेश सरकारबाट जारी भएको आर्थिक ऐन र सोही ऐनलाई आधार मानी हेटौंडा उपमहानगरपालिकाबाट जारी भएको आर्थिक ऐन बमोजिम हुनेछ । त्यस्तो मनोरञ्जन कर मेला महोत्सव सम्पन्न भएको १ हप्ता भित्र उपमहानगरपालिकामा दाखिला गर्नु पर्नेछ । गैर व्यावसायिक सन्देशमूलक स्टलहरुका हकमा उपमहानगरपालिकाले छुट दिन सक्नेछ ।

## परिच्छेद ३

## मेला महोत्सव व्यवस्थापन समिति

**७. मेला महोत्सव व्यवस्थापन समतिको गठनः** (१) मेला महोत्सव व्यवस्थापन समिति निम्नानुसार रहनेछ :

संयोजक : नगर प्रमुख

सहसंयोजक : नगर उपप्रमुख

सदस्य : प्रमुख प्रशासकीय अधिकृत

सदस्य : मेला महोत्सव सञ्चालन हुने वडाको वडा अध्यक्ष

सदस्य : मकवानपुर उद्योग वाणिज्य संघको अध्यक्ष

सदस्य : उद्योग संघ मकवानपुरको अध्यक्ष

सदस्य सचिव : प्रशासन महाशाखा प्रमुख

२. मेला महोत्सवको प्रकृति अनुसार सो सम्वन्धी व्यावसायिक छाता संगठनका प्रतिनिधि, विज्ञ वा जानकार विषयगत निकाय तथा कार्यालयका प्रमुखलाई आवश्यकताका आधारमा समितिको वैठकमो आमन्त्रण गर्न सकिनेछ ।

**३. मेला महोत्सव व्यवस्थापन समितिको काम कर्तव्य र अधिकारः** यस समितिको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

**देहायः**

१. मेला महोत्सव संचालन गर्न अनुमति प्रदान गर्ने ।

२. सम्झौताका शर्त वमोजिम मेला महोत्सव व्यवस्थापन भए नभएको अनुगमन गर्ने र शर्त वमोजिम नभएमा शर्तको पालना गर्न लगाउने, तोकिए वमोजिमको जरिवाना गराउने ।

३. मेला महोत्सवको उद्धेश्य अनुसारको कार्य गरे नगरेको अनुगमन गर्ने, मूल आयोजकलाई उद्धेश्य अनुसारका कार्य गर्न लगाउने ।

४. आवश्यकता अनुसार मेला महोत्सवका लागि पेश भएको प्रस्ताव मूल्याङ्कन टोली, मेला महोत्सव अनुगमन टोली वा कर्मचारी तोकि व्यवस्थापन एवं अनुगमनको कार्य गराउने ।

५. मेला महोत्सव सञ्चालनका क्रममा देखा पर्ने सूरक्षा संवेदनशीलताका वारेमा जिल्ला सुरक्षा समितिसँग परामर्श लिने ।

६. कुनै विशेष कारण समितिले देखेमा जिल्ला सुरक्षा समितिसँग आवश्यक समन्वयगरी मेला महोत्सव स्थगन वा बन्द गर्ने ।

७. मेला महोत्सव गर्दा स्थानीय स्रोत साधनको अधिकतम उपयोग गर्न निर्देशन दिने ।

## परिच्छेद ४

## मूल आयोजकले पालना गर्नु/गराउनुपर्ने शर्तहरु

**८. दर्शक तथा सम्पत्ति विमा दर्शक सुरक्षा व्यवस्थापनः** (१) मेला महोत्सव प्रस्तावकको प्रस्ताव स्वीकृत भए पश्चात अनुमति पुर्व मूल आयोजक संस्थाले मेला महोत्सव भित्र जाने सम्पूर्ण सहभागीहरुको सामूहिक दुर्घटना विमा र मेला महोत्सव स्थल भित्रका सम्पत्तिको मेला महोत्सव अवधिको अनिवार्य विमा गर्नुपर्नेछ ।

(२) मेला महोत्सव स्थल भित्रको सम्पूर्ण सुरक्षा व्यवस्था मूल आयोजकले गर्नु पर्नेछ ।

(३) शान्ति सुव्यवस्थामा खलल पुग्ने गतिविधि भएमा र कानूनले निषेध गरेका क्रियाकलाप गरेमा मेला, महोत्सव, प्रदर्शनी गर्ने मुल आयोजकले सो को सम्पूर्ण दायित्व वहन गर्नु पर्नेछ ।

९. **खानेपानी तथा फोहरमैला व्यवस्थापन:** (१) मूल आयोजकले कार्यक्रम स्थलमा महिला पुरुषका लागि छुट्टा छुट्टै आवश्यकता अनुसारका शौचालय अनिवार्य व्यवस्था गर्नुपर्नेछ ।

(२) मेला महोत्सव स्थलमा दैनिक अनिवार्य सरसफाइको प्रवन्ध गर्नु पर्ने छ ।

(३) मेला महोत्सव स्थलमा होटल रेष्टुरेन्टको फोहर पानीको उचित व्यवस्थापन गर्नु पर्नेछ जथाभावि बगाउन पाइने छैन ।

(४) मेला महोत्सव हेर्न आउने दर्शकका लागि मेला महोत्सव स्थल भित्र पर्याप्त मात्रामा खानेपानीको प्रवन्ध गर्नुपर्नेछ ।

(५) मेला महोत्सव समाप्ती पश्चात सामाग्री उठाउन पूर्व स्थलको पूर्णरुपमा सरसफाइ गर्नु पर्नेछ । स्टल निर्माण र शौचालय एवं फोहर व्यवस्थापनका लागि खनिएका खाल्डाहरु पुरि सम्याउनु पर्नेछ । मेला महोत्सवको सर्म्पूण सामाग्री मेला महोत्सव समाप्ती पश्चात ७ दिन भित्र उठाइ सक्नु पर्नेछ भने मेला महोत्सव तयारीका क्रममा समेत सोको तयारीका लागि १५ दिन अगाडी सामाग्री खसाल्न एवं स्टल तयारको कार्य गर्न पाइनेछ ।

(६) मेला महोत्सव वातावरणमैत्री हुनु पर्नेछ र मेला महोत्सव सम्पन्न भए पश्चात मेला महोत्सव सञ्चालन भएको क्षेत्रको सरसफाइ गर्नु पर्नेछ ।

१०. **ध्वनी व्यवस्थापन:** मेला महोत्सव स्थल भन्दा वाहिर ध्वनि जाने गरि माइक (हरन) लगाउन पाइने छैन । मेला महोत्सव भित्र मात्र सुन्न सकिने गरि स्पीकर साउण्डको प्रयोग गर्नु पर्नेछ ।

११. **अनुमति बेगरका काम गर्न नहुने:** मेला महोत्सव व्यवस्थापन समितिद्वारा स्वीकृत प्रस्ताव वमोजिमका स्टल, कार्यक्रम, मनोरञ्जन स्टल वाहेकका अन्य कार्य गर्न गराउन पाइने छैन । कुनै कारणवस प्रस्तावमा उल्लेख भएको वाहेक फरक काम गर्नु पर्ने अवस्थामा समितिको पूर्व स्वीकृति लिनु पर्नेछ ।

१२. **स्टल बुकिङ्गमा स्थानीय आरक्षण व्यवस्थापन:** (१) मेला महोत्सवमा राखिने स्टलमा स्थानीयतालाई प्राथमिकता दिन निम्नानुसारको कोटा वमोजिम गर्नुपर्नेछ ।

**निम्न**

क. सूचना एवं सन्देशमूलक प्रर्दशनीका लागि न्यूनतम् १० प्रतिशत

ख. बागमती प्रदेश भित्र उत्पादन हुने वस्तुको लागि स्टल न्यूनतम् २० प्रतिशत

ग. हेटौंडा उपमहानगरपालिका भित्रका व्यवसायीका लागि स्टलमा न्यूनतम् ३० प्रतिशत

घ. नयाँ प्रविधि प्रर्दशन एवं विक्रि स्टल न्यूनतम् २० प्रतिशत

ङ. सवै व्यवसायीका लागि खुल्ला स्टल २० प्रतिशत

(२) उपदफा (१) बमोजिमका स्टलहरु मध्ये दफा १२ को उपदफा (१) (क), (ख) र (ग) मा दफा (७) बमोजिमको व्यवस्थापन समितिले गरेको निर्णय अनुसार उपमहानगरपालिकाको सिफारिसमा आवश्यकता अनुसार छुट दिन सक्ने व्यवस्था मिलाइने छ ।

(३) दफा १२ उपदफा (१) वमोजिम वितरण गरिएका कोटा वमोजिम स्टल वितरणका लागि कम्तीमा १ हप्ताको स्टल बुकिङ्ग खुल्ला गरे पश्चात वाँकी रहेका स्टलमा जुनसुकै व्यवसायीहरु आइ व्यवसाय गर्न पाउने गरि मूल आयोजकले सूचना आव्हान गर्नुपर्नेछ ।

१३. **प्राथमिक उपचारको व्यवस्था:** मेला महोत्सव स्थल भित्र प्राथमिक उपचारको अनिवार्य व्यवस्था मिलाउनु पर्नेछ ।

१४. **मनोदिपक पदार्थ, पटाका, लागु औषध कारोबार, जुवा, तास लगायत कानून वमोजिम निषेधित कार्य गर्न गराउन पाइने छैन ।**

१५. **मदिरा तथा धुम्रपान निषेध:** मेला महोत्सव स्थल भित्र मदिरा तथा धुम्रपान सेवन र विक्रि वितरण गर्न गराउन पाइने छैन ।

१६. **राष्ट्रियता तथा स्थानीय सामाजिक सांस्कृतिक मर्यादामा आँच आउने क्रियाकलाप गर्न गराउन पाईने छैन ।**

१७. **स्थानीयतालाई प्राथमिकता:** मेला महोत्सवमा गरिने हरेक गतिविधिमा स्थानीयतालाई प्राथमिकता दिनु पर्नेछ । कला संस्कृति प्रर्दशन गर्दा स्थानीय कला संस्कृति र कलाकारलाई प्राथमिकता दिनु पर्नेछ ।

१८. **मेला महोत्सवलाई व्यापारिक स्थलका रुपमा मात्र नहेरी स्थानीयता प्रर्वद्धन तथा आधुनिक प्रविधि भित्र्याउने थलोका रुपमा अगाडी वढाउन विभिन्न स्थानीय परिवेश सुहाउँदो अन्तरक्रियात्मक कार्यक्रमहरु गर्नुपर्नेछ ।**

१९. **आम्दानी खर्च सार्वजनिक गर्नु पर्ने:** मेला महोत्सव सम्पन्न भएको १ महिना भित्र मेला महोत्सवमा भएको आम्दानी खर्चको विवरण सहितको प्रतिवेदन उपमहानगरपालिकामा वुझाउनुका साथै पत्रकार सम्मेलन गरि आम्दानी खर्च सार्वजनिक समेत गर्नु पर्नेछ ।

## परिच्छेद ५

## विविध

२०. **मूल आयोजक वन्न सक्ने आवेदकहरु:** (१) देहायका संघ संस्थाले मूल आयोजक वन्न आवेदन दिन सक्नेछन् ।

क) कृषि, पर्यटन र व्यापार मेलाका लागि : विषयगत व्यवसायीहरुको छाता संगठनहरु ।

ख) सांस्कृतिक महोत्सवका लागि : सामाजिक संघ संस्थाहरु ।

ग) शैक्षिक, कला, साहित्य तथा सांस्कृतिक, खेलकूद तथा अन्य विषयगत मेला महोत्सवका लागि : विषयगत संघ संस्था तथा उत्पादकहरु ।

(२) प्रस्तावक संस्थाहरुको विधानमा सम्वन्धित विषयमा प्रर्वद्धन गर्ने उद्धेश्य प्रस्टरुपमा उल्लेख भएको हुनुपर्नेछ ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि भिन्ना भिन्नै स्वीकृति लिएर विषयगत संस्थाहरुले संयूक्त रुपमा आयोजक वनि आ-आफ्ना उद्देश्य अनुसारका मेला महोत्सव सञ्चालन गर्न पाउनेछन् ।

(४) संस्थाको विधानमा मेल नखाने किसिमका मेला महोत्सव सञ्चालन गर्न अनुमति दिईने छैन ।

२१. **अनुगमन समिति सम्बन्धी व्यवस्था:** (१) मेला, महोत्सव, प्रर्दशनीमा भएका गरेका गतविधिको अनुगमन गर्न देहायबमोजिमको अनुगमन समिति गठन गरिनेछ छ :

| | |
|---|---|
| क) नगर उपप्रमुख | संयोजक |
| ख) सम्बन्धित वडाको महिला सदस्य | सदस्य |
| ग) जिल्ला प्रशासन कार्यालयको अधिकृत प्रतिनिधि | सदस्य |
| घ) जिल्ला प्रहरी कार्यालयको अधिकृत प्रतिनिधि | सदस्य |

ङ) नगर प्रहरी प्रमुख सदस्य
च) हेटौंडा उपमहानगरपालिकाको खाद्य प्राविधिक सदस्य
छ) राजश्व शाखा प्रमुख सदस्य

(२) उपदफा (१) बमोजिमका समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) मेला महोत्सव प्रदर्शनी गर्न दिइएको अनुमति बमोजिम काम कारवाही भए नभएको ।

(ख) मेला महोत्सव, प्रदर्शनीमा भएका सम्पूर्ण गतिविधिको अनुगमन गरी अनुमति दिंदाका बखत राखिएका शर्तहरुको पालना नभएको पाइएमा तोकिए बमोजिम जरिवाना गर्ने गर्न लगाउने ।

(ग) मेला, महोत्सव, प्रदर्शनी अवधिभरको प्रतिवेदन व्यवस्थापन समितिमा पेश गर्ने ।

(घ) व्यवस्थापन समितिले तोकेका अन्य कार्यहरु गर्ने ।

**२२. उपमहानगरपालिकासँग गरिएको शर्त पुरा नगर्नेलाई ५ वर्ष सम्म मेला महोत्सव संचालन गर्न उपमहानगरपालिकाले रोक लगाउने छ साथै मेला महोत्सवको रकम दुरुपयोग गर्ने उपर नगर कार्यपालिकाले तोके वमोजिमको जरिवाना गरिनेछ ।**

**२३. टिकटदर निर्धारणः** (१) मेला महोत्सव स्थलमा प्रवेश गरेवापत प्रवेश शुल्क (टिकट) लिने व्यवस्था भएमा मूल आयोजकले प्रस्तावमा जेष्ठ नागरिक, अपाङ्ग र विद्यार्थीका लागि सहुलियत सहित प्रवेश शुल्क दर प्रस्ताव गर्नेछ आयोजकवाट पेश भएको प्रवेश शुल्कदरलाई मेलामा हुने गतिविधिका आधारमा व्यवस्थापन समितिले तोके वमोजिम हुनेछ ।

(२) मेला महोत्सवमा राखिने विभिन्न मनोरञ्जन तथा खेलकूद कार्यक्रममा लाग्ने प्रवेश शुल्कको अधिक्तम दर निम्नानुसार मनोरञ्जन समय सिमाका आधारमा हुनेछ ।

**निम्न**

क) ५ मिनेट भन्दा कम समय मनोरञ्जन हुनेमा अधिकतम रु.४०।०० सम्म
ख) १५ मिनेट सम्म मनोरञ्जन हुनेमा अधिकतम रु.६०।०० सम्म
ग) ३० मिनेट सम्म मनोरञ्जन हुनेमा अधिकतम रु.१००।०० सम्म
घ) ३० मिनेट भन्दा वढी समयको मनोरञ्जन हुनेमा अधिकतम रु.१६०।०० सम्म

(३) सामान्यतया मनोरञ्जन कर वाहेक प्रवेश शुल्क दर रु.५०।०० हुनेछ ।

(४) प्रवेश शुल्क दर र मनोरञ्जन स्टल प्रवेश दर मेला महोत्सव व्यवस्थापन समितिले समय सापेक्ष परिवर्तन गर्न सक्नेछ ।

**२४. मेला महोत्सवको अवधिः** (१) धार्मिक र खेलकूद मेला महोत्सव वाहेक अन्य प्रकृतिका व्यवसायीक स्टलहरु राखि गरिने मेला महोत्सवको अनुमति न्यूनतम ७ दिन सम्मको हुनेछ तर मेलामा दर्शकको चाप तथा आयोजकले मेला अवधि थप गर्नु पर्ने उपयुक्त कारण सहित सुरक्षा निकायको सहमति सहित निवेदन दिएमा व्यवस्थापन समितिले म्याद थपको कारण मनासिव देखेमा तिन दिन सम्म म्याद थपको अनुमति उपमहानगरपालिकाले दिन सक्नेछ ।

(२) धार्मिक तथा सांस्कृतिक मेला महोत्सवका हकमा विहान ५:०० देखि साभ्ठ ९:३० वजे सम्म र अन्य व्यवसायीक स्टल तथा मनोरन्जनात्मक एवं सांगीतिक कार्यक्रम हुने मेलाको हकमा विहान १२:०० वजे देखि सांभ्ठ ६ वजे सम्म हिंउदमा र अन्य समयमा सांभ्ठ ७:३० वजे सम्म मेला महोत्सव सञ्चालन गर्न पाइनेछ ।

(३) धार्मिक तथा सांस्कृतिक, खेलकुद र व्यवसायीक स्टल नराखी गरिने मेला महोत्सवको अवधिका हकमा प्रस्तावकले पेश गरेको प्रस्तावका आधारमा सो को औचित्यता हेरी व्यवस्थापन समितिले तोके वमोजिम हुनेछ ।

२५. **जरीवाना:** मुल आयोजक समितिले व्यवस्थापन समितिबाट प्राप्त स्वीकृती बेगर अन्य काम कारवाही गरेमा उपमहानगरपालिकाले देहाय बमोजिम जरिवाना गर्नेछ ।

(क) कानून विपरितका कार्य गरेमा वा गराएमा पहिलो पटक रु.१०,०००।- र पटकै पिच्छे दोब्बर जरिवाना असुल गरिनेछ ।

(ख) ध्वनी प्रदुषण वा वातावरण प्रदुषण गरेमा रु.५,०००।- र वातावरण प्रदुषण हटाउन लाग्ने रकम असुल गरिनेछ ।

(ग) अनुगमन टोलिको सूझाव पालना नगरेमा रु.५,०००। जरिवाना र ३ पटक भन्दा वढी पटक गल्ती दोहोराएमा मेला सञ्चालनमा रोक लगाइनेछ र उक्त संस्थालाई ५ वर्षसम्म मेला महोत्सव लगाउन प्रतिवन्ध लगाइने छ ।

(घ) तोकिएको समयसिमा भन्दा बढि समय मेला महोत्सव सञ्चालन गरेमा प्रतिदिन रु.२५,०००।- का दरले जरिवाना लाग्नेछ ।

(ङ) मेला महोत्सव स्थलमा फोहोर व्यवस्थापन नगरेमा रु.१,५००।- जरिवाना गरिनेछ ।

२६. **प्रचलित कानून वमोजिम हुने:** यस कार्यविधिमा उल्लेख भएका प्राव्धानहरु यसै कार्यविधि वमोजिम हुने र यसमा उल्लेख नभएकाको हकमा प्रचलित कानून वमोजिम हुनेछ ।

२७. **वाधा अड्काउ फुकाउ:** यस कार्यविधि कार्यान्वियनमा कुनै वाधा अड्चन आएमा नगर कार्यपालिका वैठकको निर्णय वमोजिम हुनेछ ।

२८. **संसोधन तथा खारेजी:** यो कार्यविधिको संशोधन वा कुनै दफा खारेजी गर्नु परेमा नगर कार्यपालिकालाई पूर्ण अधिकार हुनेछ ।

हेटौंडा राजपत्र

## अनुसूची-१
## (दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

### आवेदक संस्थाले प्रस्तावमा खुलाउनु पर्ने न्यूनतम् विषयहरु

**१. आवेदक संस्थाको परिचय**

नाम, दर्ता, नविकरण, उद्देश्य, पछिल्ला ३ वर्षका साधारण सभाको मिति, पूर्व अनुभव, हाल सम्म गरेको उल्लेखनिय काम ।

**२. मेला महोत्सवका विषयमा**

मेला महोत्सवको नाम, स्थान, समय, अवधि, उद्देश्य, पूरा गर्ने रणनीति, मेला महोत्सवमा गरिने गतिविधिहरुको विवरण ।

**३. मेला महोत्सवको आर्थिक पक्ष**

मेला महोत्सव संचालन गर्न आवश्यक रकम, उपलब्धताको श्रोत, कार्यक्रम पश्चात आर्थिक लाभ हुने नहुने, हुने भएमा सो रकम र वचत रकमको उपयोग क्षेत्र , टिकट दर , टिकटमा विशेष छुट नीति ।

**४. मेला महोत्सवको व्यवस्थापन पक्ष**

- व्यवसायीक स्टल रहने नरहने, सन्देश मुलक एवं क्षेत्रगत प्रर्वद्धनमूलक स्टल के के रहने ? व्यवसायीक स्टलहरु के कति रहने, स्टल वितरण प्रकृया के कस्तो रहने ?
- दर्शक मैत्रि नीति (सरसफाइ, शौचालय, खानेपानी, प्राथमिक उपचार, टिकटमा छुट आदी) के के छन् ?
- स्टलहरु रहने भएमा वितरण नीति ।

**५. मेला महोत्सवका आर्कषणका विषयहरु के के हुने ?**

**६. मेला महोत्सव संचालन पछि देखिने उपलब्धी ।**

## अनुसूची-२
## (दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

### मूल आयोजक छनौटका लागि मूल्यांकन आधारहरु

१. संस्थाको प्राथमीकीकरण (दर्ता मितिका आधारमा)

२. संस्थाको वैधानिकता (नियमित नविकरण, साधारण सभा आदी भएको)

३. मेला महोत्सवले हेटौंडा उपमहानगरपालिकाको व्यापारिक, धार्मिक, सांस्कृतिक, पर्यटकीय, औद्योगिक तथा उद्यम, शैक्षिक आदी प्रर्वद्धनमा हुने योगदान । (उपमहानगरपालिकालाई प्रत्यक्ष फाइदा पुग्नेलाई प्राथमिकता दिइने)

४. मेला महोत्सवका लागि प्रस्तावित दिन (जति सक्यो कमलाई प्राथमिकता दिइने)

५. मेला महोत्सववाट आय आर्जन हुने भएमा सो को लगानीको क्षेत्र । (सार्वजनिक लाभलाई प्राथमिकता दिइने)

६. हाल सम्म मेला महोत्सव सञ्चालन गर्ने अवसर पाए नपाएको । (नपाएकालाई प्राथमिकता दिइने)

७. विगतमा मेला महोत्सव सञ्चालनवाट संकलित रकमको सदुपयोग अवस्था । (सदुपयोग गरेकोलाई प्राथमिकता दिइने) ।

हेटौंडा राजपत्र

**अनुसूची-३**
**(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)**

## मेला महोत्सव संचालन अनुमतिको ढाँचा

हेटौंडा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर

मितिः २०..........।............।.........

श्री.........................................
....................................... ।

**विषय : मेला महोत्सव सञ्चालन अनुमति पत्र ।**

त्यस संस्थाले यस उपमहानगरपालिका क्षेत्रभित्र ............................ मेला महोत्सव सञ्चालनका लागि यस उपमहानगरपालिकावाट अनुमति माग गरेको सर्न्दभमा यस उपमहानगरपालिकाको मेला महोत्सव व्यवस्थापन कार्यविधि, २०८१ को दफा ४ वमोजिम यस संस्थालाई सोही कार्यविधिको पूर्ण पालना गर्दै निम्नानुसारका शर्तहरु अनिवार्य पालना गर्ने गराउने गरि निम्नानुसारको मिति, समय र स्थानमा मेला महोत्सव सञ्चालन गर्न मिति २०८....।.....। गते वसेको मेला महोत्सव व्यवस्थापन समितिको वैठकको निर्णयानुसार यो अनुमति पत्र प्रदान गरिएको छ ।

**निम्न**
मेला महोत्सवको नाम ...............................
मेला संचालन हुने मिति ................ देखि ................. सम्म ।
समय : प्रत्येक दिन विहान ..... वजे देखि............ वजे सम्म ।
स्थान :......................................
**अनिवार्य पालना गर्नु पर्ने शर्तहरु**

- कार्यविधिको दफा ८ देखि २० सम्म उल्लेखित व्यवस्थाहरु
- कार्यविधिको दफा २४

.......................................

**वोधार्थ**
श्री जिल्ला प्रशासन कार्यालय, मकवानपुर,
श्री जिल्ला प्रहरी कार्यालय, मकवानपुर ।

हेटौंडा राजपत्र

## अनुसूची-४
## (दफा ६ सँग सम्बन्धित)

मेला महोत्सव भित्र व्यवसाय गर्ने व्यवसायीहरुको पटके व्यवसाय तथा मनोरञ्जन कर (मेला अवधिभर)

(क) व्यवसायीक फर्महरुको स्टलमा प्रति स्टल सम्वन्धित क्षेत्रका लागि तोकिएको व्यवसायको करको दरलाई आधारमानी सो को २५ प्रतिशत

**आज्ञाले**
**भरत गौतम**
**प्रमुख प्रशासकीय अधिकृत**

हेटौंडा राजपत्र